पकाहाँ मैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकाहाँ मैनपुर
२०७३

# पकाहाँ मैनपुर गाउँपालिका

## पकाहाँ मैनपुर, पर्सा

## पकाहाँ मैनपुर गाउँपालिका विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयक, २०७६

**प्रस्तावनाः**

पकाहाँ मैनपुर गाउँपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयनका लागि कानून बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ को उपधारा (१) को अधिकार प्रयोग गरी पकाहाँ मैनपुर गाउँपालिकाको गाउँ सभाले संविधानको धारा २२६ (१) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम "पकाहाँ मैनपुर गाउँपालिका विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६" बनाएको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

**(१) संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "पकाहाँ मैनपुर गाउँपालिका विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन गाउँ सभावाट पारित भई गाउँपालिकाको राजपत्रमा प्रकाशित भएर प्रारम्भ हुनेछ ।

**(२) परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(१) "गाउँपालिका" भन्नाले पकाहाँ मैनपुर गाउँपालिका सम्झनुपर्छ ।

(२) "गाउँ सभा" भन्नाले पकाहाँ मैनपुर गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(३) "कार्यपालिका" भन्नाले पकाहाँ मैनपुर गाउँपालिकाको कार्यपालिका सम्झनपर्छ ।

(४) "अध्यक्ष" भन्नाले पकाहाँ मैनपुर गाउँपालिका अध्यक्षलाई सम्झनुपर्छ ।

(५) "उपाध्यक्ष" भन्नाले पकाहाँ मैनपुर गाउँपालिका उपाध्यक्षलाई सम्झनुपर्छ ।

(६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पकाहाँ मैनपुर गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्मचारी प्रमुख (प्रमुख प्रशासकीय अधिकृत)लाई सम्झनु पर्छ । सो शब्दले गाउँ कार्यपालिका तथा गाउँ सभा सदस्य सचिव समेतलाई जनाउँछ ।

(७) "वडा समिति" भन्नाले पकाहाँ मैनपुर गाउँपालिकाको वडा समिति सम्झनुपर्छ ।

(८) "वडा अध्यक्ष" भन्नाले पकाहाँ मैनपुर गाउँपालिका वडा अध्यक्षलाई सम्झनुपर्छ ।

(९) "कार्यपालिका सदस्य" भन्नाले पकाहाँ मैनपुर गाउँपालिकाको कार्यपालिका सदस्यहरुलाई सम्झनुपर्छ । सो शब्दले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष समेतलाई जनाउँछ ।

(१०) "सभा सदस्य" भन्नाले पकाहाँ मैनपुर गाउँपालिकाको गाउँ सभा सदस्य सम्झनुपर्छ र सो शब्दले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र कार्यपालिका सदस्य समेतलाई जनाउँछ ।

अध्यक्ष

(११) "कर्मचारी" भन्नाले जुनसुकै तवरबाट नियुक्त भई जुनसुकै श्रोतबाट पारिश्रमिक प्राप्त गर्ने गरी पकाहाँ मैनपुर गाउँपालिकामा कार्यरत विभिन्न तह श्रेणीमा कार्यरत कर्मचारीहरुलाई सम्झनुपर्छ ।

(१२) "कानून" भन्नाले संघीय संसद, प्रदेश संसद र पकाहाँ मैनपुर गाउँपालिकाको गाउँ सभाले पारित गरेको ऐन कानून, सम्झनुपर्छ । सो शब्दले नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिकार प्रयोग गरी पकाहाँ मैनपुर गाउँपालिकाको कार्यपालिका वाट अध्यादेशको रुपमा जारी गरेको ऐन कानून समेतलाई जनाउँछ ।

(१३) "नियम" भन्नाले पकाहाँ मैनपुर गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न स्थानीय सरकार संञ्चालन ऐन २०७४ र पकाहाँ मैनपुर गाउँपालिकाको गाउँ सभाले पारित गरेको ऐन तथा अध्यादेश जारी गरी वनेको ऐन समेतको अधिनमा रहि कार्यपालिकावाट जारी भएको नियम, नियमावली, कार्यविधि दिग्दर्शन, निर्देशिका, आदेश आदि सम्झनुपर्छ ।

(१४) "सेवा प्रवाह" भन्नाले पकाहाँ मैनपुर गाउँपालिकाको तर्फवाट जनप्रतिनिधि/कर्मचारीहरुले जनतालाई पुऱ्याउने सेवा वा सुविधा सम्झनुपर्छ ।

(१५) "सेवा ग्राही" भन्नाले भन्नाले पकाहाँ मैनपुर गाउँपालिकाको कार्यालय र सो अन्तरगतका निकायमा सेवा लिन आउनेहरुलाई सम्झनुपर्छ ।

(१६) "विपद" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने गरी भएको प्राकृतिक वा गैरप्राकृतिक विपद सम्झनुपर्छ ।

(१७) "गैर प्राकृतिक विपद" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक कारणले उत्पन्न विपद सम्झनुपर्छ ।

(१८) "प्राकृतिक विपद" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुवान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद सम्झनुपर्छ ।

(१९) "विपद खोज तथा उद्धार समूह" भन्नाले विपदको अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनुपर्छ । सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ ।

(२०) "विपद जोखिम न्यूनीकरण" भन्नाले विपदपूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद रोकथाम वा विपदबाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनुपर्छ ।

(२१) "विपद पुनर्लाभ" भन्नाले विपदको घटनापछि गरिने पुनर्निर्माण एवं पुनस्थापनासँग सम्बन्धित कार्य सम्झनुपर्छ ।

(२२) "विपद प्रतिकार्य" भन्नाले विपदको घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवं राहतसँग सम्बन्धित कार्य सम्झनुपर्छ । सो शब्दले विपद प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ ।

(२३) "विपद व्यवस्थापन" भन्नाले विपद जोखिम न्यूनीकरण, विपद प्रतिकार्य र विपद पुनर्लाभ सँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनुपर्छ ।

(२४) "जिल्ला विपद व्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १६ बमोजिम वारा जिल्लामा गठन भएको जिल्ला विपद व्यवस्थापन समिति सम्झनुपर्छ ।

(२५) "प्रदेश विपद व्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १४ बमोजिम प्रदेश नं. २ मा गठन भएको प्रदेश विपद व्यवस्थापन समिति सम्झनुपर्छ ।

(२६) "राष्ट्रिय कार्यकारी समिति" भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनुपर्छ ।

(२७) "राष्ट्रिय परिषद" भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनुपर्छ ।

(२८) "राष्ट्रिय प्राधिकरण" भन्नाले संघीय ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनुपर्छ ।

(२९) "व्यावसायिक प्रतिष्ठान" भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्ग मल, बहुउद्देश्यीय व्यापारिक भवन जस्ता व्यावसायिक प्रतिष्ठान सम्झनु पर्छ ।

(३०) "समिति" भन्नाले दफा ३ बमोजिमको गाउँपालिका विपद व्यवस्थापन समिति सम्झनु पर्छ ।

(३१) "संघीय ऐन" भन्नाले नेपाल सरकारको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ ।

(३२) "संघीय मन्त्रालय" भन्नाले नेपाल सरकारको विपद व्यवस्थापन हेर्ने गरी तोकिएको मन्त्रालय सम्झनु पर्छ ।

(३३) "सार्वजनिक संस्था" भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य, शैक्षिक तथा अन्य संस्था सम्झनु पर्छ ।

(३४) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावली, कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद - २
## पकाहाँ मैनपुर गाउँपालिका बिपद व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**(३) गाउँपालिका विपद व्यवस्थापन समितिः**

(१) गाउँपालिका भित्रको विपद व्यवस्थापन सम्वन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न पकाहाँ मैनपुर गाउँपालिकामा विपद व्यवस्थापन समिति रहनेछ ।

(२) गाउँपालिका विपत व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिका अध्यक्ष — संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष — उप संयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) विषयगत समितिका संयोजकहरु — सदस्य

(ङ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय — सदस्य

(च) सामाजिक विकास शाखा प्रमुख — सदस्य

(छ) पूर्वाधार विकास शाखा प्रमुख — सदस्य

(ज) गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि — सदस्य

(झ) गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका प्रदेश प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि — सदस्य

(ञ) गाउँपालिका प्रहरी प्रमुख — सदस्य

(ट) राष्ट्रिय मान्यता प्राप्त दलका गाउँपालिका स्थित प्रमुख वा प्रतिनिधि — सदस्य

(ठ) नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि (१ जना) — सदस्य

(ड) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको गाउँ तहको प्रमुख वा निजले तोकेको प्रतिनिधि (१ जना) — सदस्य

(ढ) गैरसरकारी संस्था महासंघकाका स्थानीय प्रतिनिधि (१ जना) — सदस्य

(ण) नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि (१ जना) — सदस्य

(त) गाउँपालिका विपद व्यवस्थापन हेर्ने गरि तोकिएको शाखा प्रमुख — सदस्य सचिव

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि क्रम संख्या (ञ), (ट), (ठ), (ड), (ढ) र (ण) का सदस्यहरू उपलब्ध नभएको अवस्थामा पनि समिति गठन एवं काम कारवाही गर्नमा असर पर्ने छैन ।

(४) उपदफा (२) बमोजिमको समितिले संघीय ऐनको दफा १७ बमोजिमको स्थानीय विपद व्यवस्थापन समितिको रूपमा समेत काम गर्नेछ ।

**(४) गाउँपालिका विपत व्यवस्थापन समितिको बैठक सम्बन्धी व्यवस्थाः**

(१) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(२) समितिको सदस्य सचिवले संयोजकको निर्देशन वमोजिम समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा २४ घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिका ५० प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिमा रहने भनी दफा (३) को उपदफा २ मा तोकिएको मध्ये समिमिमा मनोनयन नभैसकेका सदस्यहरु गणपुरक संख्यामा गणना हुने छैन

(५) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि विषेश परिस्थिती परी समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेलापनि समितिको बैठक

बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक, घटीमा ५ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(६) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

(७) समितिको निर्णय सर्वसम्मत हुनेछ । सर्वसम्मत हुन नसकेमा बैठकको अध्यक्ष सहितको बहुमतद्वारा हुनेछ ।

(८) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(१०) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

**(५) गाउँपालिका विपद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) विपद व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवं राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी गाउँ विपद व्यवस्थापन नीति तथा योजना तर्जुमा गरी कार्यपालिका समक्ष पेश गर्ने,

(२) गाउँ सभाबाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही विपद जोखिम न्यूनीकरण, विपद प्रतिकार्य तथा विपद पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गर्ने, गराउने,

(३) गाउँपालिकाबाट सञ्चालन हुने विपद व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेट प्रस्ताव तयार गर्ने, गराउने,

(४) विपद व्यवस्थापनका सम्बन्धमा गाउँपालिकाको संस्थागत क्षमता विकास गर्ने, गराउने,

(५) गाउँपालिकाका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(६) विपदका घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने गरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागू गर्ने, गराउने,

(७) विपद व्यवस्थापनका सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको अधिनमा रहि सार्वजनिक, निजी, गैरसरकारी लगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नु पर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने,

(८) विपदको समयमा स्थानीय आमसञ्चारका माध्यमहरुको भूमिका सम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(९) सरकारी, निजी एवं गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(१०) भौतिक संरचना निर्माण गर्दा भवनसंहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने,

(११) स्थानीय सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद जोखिम मूल्याङ्कन गर्ने, गराउने,

(१२) नदी किनार, बगर, पहिरो जान सक्ने भिरालो जमिन र डुबान हुने क्षेत्र वा विपद जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउन उपयुक्त स्थानको खोजी कार्यमा सहयोग गर्ने तथा सुरक्षित स्थानमा बसोबास सम्बन्धी सचेतना जगउने,

(१३) विपदबाट स्थानीय स्तरमा निजी तथा सार्वजनिक क्षेत्रबाट भइरहेको सेवा प्रवाहमा अवरोध आइपरेमा सोको पुन:सञ्चालनका लागि सेवा निरन्तरताको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य गर्ने, गराउने ।

(१५) स्थानीय समुदायलाई विपदप्रति जागरुक बनाउन, विपदसँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपदको घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा तथा समुदायस्तरमा समावेशी विपद पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

(१५) विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न पहल गर्ने,

(१६) विपद प्रतिकार्यका लागि नमूना अभ्यास गर्ने, गराउने,

(१७) विपदको समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरू तयारी हालतमा राख्न लगाउने,

(१८) स्थानीय स्तरमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(१९) गाउँपालिकामा विपद व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(२०) विपद प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउने,

(२१) विपदमा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

(२२) विपदबाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने, गराउने,

(२३) विपदको समयमा जोखिममा रहेको समूह विशेषगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति उपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचबिखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(२४) विपद प्रभावितहरूको प्रत्यक्ष र सक्रिय सहभागितामा प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुनस्थापना, रोजगारीका अवसरको सृजना तथा जीवनयापनका लागि आय आर्जन कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(२५) विपदको जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(२६) विपद व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्रचलित ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

पकहाँ मैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल

(२७) विपद व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यकारी समिति, प्रदेश विपद व्यवस्थापन समिति तथा जिल्ला विपद व्यवस्थापन समितिको निर्णय अनुसार विपद व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने,

(२८) विपद व्यवस्थापनका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायसँग सहकार्य गर्ने,

(२९) विपद व्यवस्थापन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा गाउँ सभाले तोकेका अन्य कार्य गर्ने, गराउने,

(३०) विपद व्यवस्थापन सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको प्रतिकूल नहुने गरी गाउँ कार्यपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने, गराउने,

(३१) विभिन्न संघसंस्था, व्यक्तिबाट प्राप्त हुने राहत तथा पुनर्निर्माण र पुनर्लाभका बिषयवस्तुलाई स्थानीय विपद व्यवस्थापन समितिले तोकेको स्थान र मापदण्ड अनुसार गर्ने, गराउने ।

## परिच्छेद - ३
## वडा स्तरीय विपद व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**(६) वडा स्तरीय विपद व्यवस्थापन समिति :**

(१) गाउँपालिकाको प्रत्येक वडामा एक वडा स्तरीय विपद व्यवस्थापन समिति रहनेछ ।

(२) वडा स्तरीय विपद व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| (क) वडा अध्यक्ष | संयोजक |
| (ख) वडा सदस्यहरू | सदस्य |
| (ग) वडा भित्र रहेका विषयगत शाखा/ईकाई कार्यालयका प्रमुखहरू | सदस्य |
| (घ) वडा भित्र रहेका सुरक्षा निकायका प्रमुखहरू | सदस्य |
| (ङ) राष्ट्रिय मान्यता प्राप्त दलका वडास्थित प्रमुख वा प्रतिनिधिहरु | सदस्य |
| (च) स्थानीय रेडक्रस, | सदस्य |
| (छ) गैरसरकारी तथा सामुदायमा आधारित संघसंस्था तथा युवा क्लवबाट संयोजकले तोके बमोजिम न्यूनतम २ महिला सहित ४ जना | सदस्य |
| (ज) वडा सचिव | सदस्य सचिव |

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि समिति गठनमा समितिले पुर्णता नपाएको कारणले समिति गठन एवं काम कारवाही गर्नमा असर पर्ने छैन ।

(४) उपदफा (२) बमोजिमको समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(५) समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(६) समितिका ५० प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(७) उपदफा (५) र (६) मा जुनसुकै कुरा लेखिएको भएता पनि विशेष अवस्थामा सो समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेलापनि समितिको बैठक

बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(८) समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ ।

(९) समितिको निर्णय सामान्यतया सर्वसम्मत हुनेछ । सर्वसम्मत हन नसकेमा बैठकको अध्यक्ष सहितको बहुमतद्वारा हुनेछ ।

(१०) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(११) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(१२) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

**(७) वडा स्तरीय विपद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) वडा भित्र विपद प्रतिकार्य तथा विपद पुनर्लाभ सम्बन्धी कार्यक्रम सञ्चालनका लागि गाउँ विपद व्यवस्थापन समितिमा सिफारिस गर्ने तथा सो समितिबाट स्वीकृत नीति तथा योजना अनुरूपका विपद व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन, अनुगमन र पुनरावलोकन गर्ने,

(२) वडामा विकास निर्माणका क्रियाकलापहरू कार्यान्वयनमा विपद जोखिम व्यावस्थापनलाई मूलप्रवाहीकरण गर्ने, सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने,

(३) विपद व्यवस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता विकास गर्ने,

(४) विपद व्यवस्थापन योजना, आपत्कालीन कार्ययोजना, पुनःस्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने,

(५) समुदायमा विपद व्यवस्थापन सम्बन्धी काम गर्ने समूहहरूको गठन तथा त्यस्ता समूहहरूलाई परिचालन गर्ने गराउने,

(६) वडा सदस्यहरू, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायमा आधारित विपद व्यवस्थापन समिति सदस्य, नागरिक समाजका प्रतिनिधिलाई विपद व्यवस्थापन सम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउने,

(७) स्थानीय समुदायलाई विपदप्रति जागरुक बनाउने, विपदसँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपदको घटना हुनासाथ प्रतिकार्यका लागि तयारी अवस्थामा राख्ने,

(८) विपदका घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि समन्वय गर्ने,

(९) आपत्कालीन नमूना अभ्यास गर्ने, गराउने,

(१०) विपदबाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरणमा गाउँ विपद व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(११) विपदको समयमा जोखिममा रहेका समूह विशेषगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति उपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचविखन तथा अन्य कुनै

पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(१२) गाउँपालिका विपद व्यवस्थापन समितिको निर्णय अनुसार विपद व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद - ४
## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

**(८) सुरक्षा निकायको परिचालन तथा सहयोग र समन्वय :**

(१) गाउँ कार्यपालिकाले विपद व्यवस्थापनको काममा नेपाल सरकार तथा प्रदेश सरकारले परिचालन गरेका संघीय तथा प्रादेशिक सुरक्षा निकायहरूलाई सहयोग र समन्वय गर्नेछ ।

(२) सुरक्षा निकायले विपदको समयमा खोज तथा उद्धार कार्यका लागि गाउँ कार्यपालिकासँग आवश्यक सामग्री माग गरेको अवस्थामा गाउँपालिकामा उपलब्ध भएसम्म त्यस्तो सामाग्री तत्काल उपलब्ध गराईनेछ ।

(३) विपद प्रतिकार्यका लागि गाउँपालिकाले आफूसँग रहेको गाउँ प्रहरी, वारूणयन्त्र, एम्बुलेन्स तथा त्यस्तै अन्य सेवालाई परिचालन गर्नेछ ।

**(९) वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकार**

(१) वारूणयन्त्र, एम्बुलेन्स तथा त्यस्तै अन्य सेवा प्रदायकले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन समितिले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(२) आपत्कालीन कार्य सम्पादन गर्दा समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायकलाई हुनेछ ।

**(१०) सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व :**

(१) विपद व्यवस्थापन सम्बन्धमा गाउँपालिका भित्रका सबै सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछ ।

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपदका घटना हुन नदिन विपद सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद व्यवस्थापन सम्बन्धमा आधारभूत अभिमुखीकरण गर्ने गराउने,

(घ) विपद व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी हालतमा राख्ने,

(ङ) आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुर्‍याउने,

(छ) विपद जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहोरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपदको घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने ।

(२) गाउँपालिका भित्रका सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले गाउँपालिकाको विपद व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्नु पर्नेछ ।

**(११) विपद व्यवस्थापनमा सहयोग गर्नु पर्नेः**

गाउँपालिका भित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय सङ्घ संस्था, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद व्यवस्थापन कार्यमा गाउँपालिका लाई देहाय बमोजिम सहयोग गर्नु पर्नेछ ।

(१) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनःनिर्माण लगायतका विपद व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

(२) विपद व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(३) क्षमता विकास, आपत्कालीन नमूना अभ्यास तथा विपद व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

(४) खोज, उद्धार तथा राहत वितरण तथा पुनर्लाभ सम्बन्धी कार्यमा सहयोग गर्ने,

## परिच्छेद - ५
## विपद व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

**(१२) विपद व्यवस्थापन कोषः**

(१) विपद व्यवस्थापनका लागि गाउँपालिकामा छुट्टै एक आकस्मिक कोष रहनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहने छन्ः

(क) गाउँपालिकाको वार्षिक बजेटबाट विपद व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

(ख) प्रदेश सरकारबाट विपद व्यवस्थापनका लागि प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विपद व्यवस्थापनका लागि प्राप्त रकम,

(घ) स्वदेशी कुनै सङ्घ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) विपद व्यवस्थापनका लागि गाउँपालिकाले कानून बमोजिम विशेष शुल्क वा दस्तुर संकलन गर्न सक्ने छ,

(४) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(५) कोषको रकम विपद व्यवस्थापन सम्बन्धी कामका लागि प्रयोग गरिनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम नियमित प्रशासनिक कार्यको लागि खर्च गरिने छैन ।

(७) कोषको लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

(८) गाउँपालिका विपत व्यवस्थापन समितिले कोषको वार्षिक आय व्ययको प्रतिवदेन तयार गरी कार्यपालिका मार्फत गाउँ सभा समक्ष पेश गर्नेछ ।

## परिच्छेद - ६
## कसूर तथा सजाय

**(१३) कसूर र सजाय :**

कसैले विपदको घटना घट्न सक्ने गरी लापरवाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा वा घटना घटेको अवस्थामा नाजायज फाईदा लिने गरी वा आफुलाई मात्र फाईदा पुग्ने किसिमको कुनै काम गरेमा वा यस सम्वन्धमा संघीय कानून बमोजिम कसुरजन्य मानिने कुनै काम गरेमा तत् सम्वन्धी कारवाही प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

## परिच्छेद - ७
## विविध

**(१४) विपद सङ्कटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वय:**

(१) नेपाल सरकारले गाउँपालिका भित्रको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद उत्पन्न भएबाट विपद सङ्कटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालना गर्नु गराउनु गाउँपालिकाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रमा नेपाल सरकारले प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन गाउँपालिका भित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न गराउनमा गाउँपालिकाले आवश्यक समन्वय गर्नेछ ।

(३) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्र सम्बन्धी सूचनाको प्रसारणमा गाउँपालिकाले सहयोग र समन्वय गर्नेछ ।

**(१५) नेपाल सरकारको स्वीकृतीमा मात्र प्रवेश गर्नुपर्ने:**

(१) विपदबाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले प्रवेश गर्नु परेमा नेपाल सरकारको स्वीकृति लिएको छ छैन भनि कार्यपालिकाले सोधखोज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सोधखोज गर्दा त्यस्तो नागरिक वा संस्थाले नेपाल सरकारको स्वीकृति लिएको नादेखिएकोमा निजको प्रवेशलाई रोक लगाई तत् सम्वन्धी सूचना नेपाल सरकारलाई उपलब्ध गराईनेछ ।

**(१६) मानवीय तथा अन्य सहायता र समन्वय:**

(१) गाउँपालिका भित्र उत्पन्न विपदको अवस्थालाई तत्काल सामना गर्न आन्तरिक स्रोत र साधनबाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा नेपाल सरकारलाई अनुरोध गरिनेछ ।

(२) विपदबाट उत्पन्न स्थिति नियन्त्रण गर्ने क्रममा नेपाल सरकारले अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेको अवस्थामा नेपाल सरकारको निर्देशनमा रहि तत् सम्वन्धी कार्यमा सहयोग र समन्वय गरिनेछ ।

(३) छिमेकी स्थानीय तहमा कुनै विपद उत्पन्न भई सो व्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै, जिल्ला समन्वय समिति वा प्रदेश सरकार मार्फत अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुर्याउनु कार्यपालिकोको दायित्व हुनेछ ।

**(१७) तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने:**

(१) विशेष परिस्थिति परी विपदबाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपदबाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम कार्यपालिकाले खरिद वा निर्माण कार्य गर्न सकिनेछ ।

(२) विपदबाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपदबाट थप क्षति हुन नदिनका लागि गाउँपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्न सकिनेछ ।

(३) विपदबाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन गाउँपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधी वा अन्य वस्तु आवश्यक भएमा सोको अभिलेख राखी नियन्त्रणमा लिन र सम्बन्धित प्रभावित पक्षलाई वितरण गर्न सकिनेछ ।

(४) गाउँपालिकाले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रूपमा प्राप्त गरेमा वा उपदफा (३) बमोजिम कुनै वस्तु नियन्त्रण र वितरण गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा वस्तु उपयोग बापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ ।

**(१८) राहतको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्था:**

(१) विपद प्रभावित व्यक्ति तथा परिवारलाई नेपाल सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउने राहतको अतिरिक्त गाउँपालिकाले आन्तरिक स्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले विपद प्रभावित व्यक्ति तथा परिवारलाई राहत उपलब्ध गराउँदा मापदण्ड बनाई सोको आधारमा राहात उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिमको राहतको मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश भएको हुनु पर्नेछ ।

(क) विपदबाफट प्रभावित व्यक्ति तथा परिवारलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी,

(ख) विपदबाट मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्ति वा परिवारलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहत सम्बन्धी,

(ग) महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता संवोधनका लागि विशेष राहत प्याकेजहरु (जस्तै डिग्निटी किट र चिल्ड्रेन किट) महिलाहरूको लागि सुरक्षित महिलामैत्री स्थल,

(घ) व्यक्तिगत गोपनियता तथा सुरक्षा सम्बन्धी,

(ङ) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जन सम्बन्धी,

(च) गैरसरकारी वा व्यक्तिगत रूपमा दिइने राहतको वितरण सम्बन्धी,

(छ) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्बन्धी,

(ज) राहतसँग सम्वन्धित अन्य उपयुक्त विषय ।

**(१९) विपत्ती परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमाः**

विपदमा परी हराई फेला पर्न नसकेका तथा आंशिक वा पूर्ण रूपमा क्षति भएका गाउँपालिकाका महत्वपूर्ण कागजातहरुको प्रमाणीकरण तथा प्रतिलिपि उपलब्ध गराउने सम्बन्धी व्यवस्था प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

**(२०) निर्देशन दिन सक्नेः**

पकाहाँ मैनपुर गाउँपालिका बिपत व्यवस्थापन समितिले यस ऐन तथा अन्तरगत वनेको नियमावली, कार्यविधिको अधीनमा रही विपद व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

**(२१) उपसमिति गठन गर्न सक्नेः**

(१) समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्याविधि उपसमिति गठन गर्दाका बखत तोकिए बमोजिम हुनेछ ।

**(२२) अभिलेख राख्नु पर्नेः**

(१) विपदको समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम, र उपलब्ध गराईको राहत तथा सोको परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था समितिले मिलाउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको विवरण राख्दा विपत्तीमा परेका महिला, बालबालिका तथा जेष्ठ नागरिक, विपदका कारणले स्थानान्तरण भएका घरपरिवार लगायतको संख्या एकिन हुने विवरण र उनीहरूलाई उपलब्ध गराइएको राहात स्पष्टरूपमा राख्नुपर्ने छ ।

**(२३) पुरस्कार दिन सक्नेः**

स्थानीय विपद व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप गाउँपालिका बिपत व्यवस्थापन समितिको सिफारीसमा कार्यपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ ।

**(२४) वार्षिक प्रतिवेदनः**

(१) गाउँपालिका विपत व्यवस्थापनसमितिले प्रत्येक आर्थिक वर्षमा गरीएको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँ सभा, जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन समिति लगायत सरेकारवाला समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ ।

**(२५) प्रशासनिक खर्च व्यवस्थापनः**

समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यसँग सम्बन्धित न्युनतम प्रशासनिक खर्च कार्यपालिकाले व्यवस्था गर्नेछ ।

**(२६) अधिकार प्रत्यायोजनः**

यस ऐन तथा अन्तर्गत बनेको नियम बमोजिम गाउँपालिका बिपत व्यवस्थापन समितिलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, तोकिएको पदाधिकारी, वडा समिति र उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**(२७) नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक व्यवस्थाहरु सहितको नियमावली, कार्यविधि तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) गाउँ सभा तथा कार्यापालिकाले समग्र बिपत व्यवस्थापन वा कुनै विशेष बिपतको विषयलाई लिएर विशेष निर्देशन जारी गर्न सक्नेछ ।

**(२८) संक्रमणकालीन व्यवस्थाः**

यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली/कार्यविधि नआएसम्म कार्यपालिकाले निर्णय गरे वमोजिम हुनेछ ।

**(२९) बाधा अडकाउ फुकाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । उक्त आदेश गाउँ सभावाट अनुमोदन भएको हद सम्म कायम हुनेछ ।

**(३१) संसोधन**

(१) यस ऐनको संसोधन गर्नुपरेमा कार्यपालिकाको प्रस्तावमा पकाहाँ मैनपुर गाउँपालिकाको गाउँ सभाले गर्नेछ

(२) संसोधित ऐन गाउँपालिकाको राजपत्रमा प्रकाशित भई लागु हुनेछ ।

**(३१) बचाउ र लागु नहुनेः**

(१) यो ऐन र अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र अन्यथा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) संविधान, सङ्घीय र प्रादेशिक कानूनसँग बाझिएको यस ऐनको दफा र उपदफाहरू बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

(४) यस अघि विपत व्यवस्थापन सम्वन्धी भएको काम कारवाहि यसै ऐन बमोजिम भएको मानिनेछ ।

**प्रमाणित गर्ने**

हस्ताक्षर ..................

अध्यक्ष

नामः- श्री विजय कुमार चौरासिया

पदः- पकाहाँ मैनपुर गाउँपालिका अध्यक्ष

पारित मितिः- २०७६/०७/०८

प्रमाणित मितिः- २०७६/०७/१५

प्रमाणित पाना (पेज) सख्यः- १५ (पन्ध्र)